# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७३/१२/२० गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

नापी कार्यालय, जनकपुर, धनुषामा सेवा करार अन्तर्गत अमिन पदमा कार्यरत कृष्ण प्रसाद जोशीले त्रुटीपूर्वक अर्काको नाममा नापी भएको गाऊँ ब्लकको जग्गा साविक अनुसार सेवाग्राहीकै नाममा नाप नक्सा कायम गराउनका लागि सम्वन्धीत कार्यालयमा निवेदन दिएकोमा सो कार्य गरे वापत विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा आयोगको कार्यालय, वर्दिबासबाट खटिई गएको टोलीले निज अमिन कृष्ण प्रसाद जोशी लाई रु.३०,०००/-(तीस हजार) घुस रकम लिंदै गर्दाको अवस्थामा निजको कार्यालय परिसर भित्रैबाट घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलब्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिविधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता